नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३६
इमेल: neba@nepalbar.org
वेब: www.nepalbar.org

प.सं.

मितिः २०७६ असार १८ गते ।

केन्द्रीय कार्यसमिति
(२०७६-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह राजपूत
मिन बहादुर महत
उमेश प्रसाद बिष्ट
रक्षा वस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोखेल

सदस्य
डा. शिवराज पण्डित
गंगा सागर खत्री
भीमसेन वन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन साशंकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
बीना कुमारी सिंह (चौंधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी
मनोजकुमार चौधरी

# प्रेश विज्ञप्ती

नेपाल बार एशोसिएशन आफ्नो स्थापनाकालदेखि नै संवैधानिक सर्वोच्चता, विधिको शासन, मानव अधिकार, स्वतन्त्र र सक्षम न्यायपालिका, प्रेस स्वतन्त्रता, व्यवसायिक हक हित संरक्षण र प्रवर्धनको पक्षमा सदा क्रियाशील रही आएको छ । उल्लेखित कुनै पनि विषयमा कहिँ कतैबाट जुनसुकै रुपमा पुऱ्याएको वा पुऱ्याइने दखल, हस्तक्षेपको हामी खुलेर विरोध गर्दछौं । सोका लागि समय-समयमा नेबाएले गर्दै आएका आन्दोलन, विरोध तथा सुझावहरु सबैका सामु छर्लङ्ग नै छन् ।

नेपाल सरकारले हालै अर्थ सम्बन्धी कानूनमा संशोधन गरी 'कानूनी परामर्श' सेवा पनि अनिवार्य मूल्य अभिबृद्धि करमा दर्ता गर्नु पर्ने प्रावधान राखेको र मूल्य अभिबृद्धि कर ऐन २०५२ को दफा ९ र १० को व्यवस्था र मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ समेतको व्यवस्था अध्ययन गर्दा आपसमा अस्पष्टता रहेको र आम कानून व्यवसायीहरु बिच अन्यौलको स्थिति कायम रहेको अवस्थामा नेपाल बार एशोसिएशनले यस सन्दर्भमा आपसी छलफल, परामर्शमा रहि रहेकै अवस्थामा आन्तरिक राजश्व विभागबाट प्रकाशित सार्वजनिक सूचनाबाट थप अन्यौल र जटिलता सिर्जना भएको महसुस गरी आम कानून व्यवसायीको हितमा हुने गरी ऐन र नियममा भएको अस्पष्टता हटाई यस अघिकै कानूनी व्यवस्था (२० लाखको थ्रेस होल्ड) कायम राख्ने, स्वेच्छिक रुपमा मूल्य अभिवृद्धि करमा दर्ता गर्न खुल्ला राख्ने र स्थायी लेखा नम्बर नलिएका कानून व्यवसायीलाई अनिवार्य रुपमा स्थायी लेखा नम्बर (PAN) लिन प्रोत्साहित गर्ने, करदाता शिक्षा/सचेतना कार्यक्रम गर्नुपर्ने लगायतका विषयमा छलफल गरी आम कानून व्यवसायीको राय बमोजिम नेपाल सरकारका अर्थ मन्त्रीज्यू समक्ष मिति २०७६/०३/०६ गतेका दिन पत्रमार्फत

नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३६
इमेलः neba@nepalbar.org
वेबः www.nepalbar.org

प.सं.

मितिः

केन्द्रीय कार्यसमिति
(२०७६-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह राजपूत
मिन बहादुर महत
उमेश प्रसाद बिष्ट
रक्षा वस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोखेल

सदस्य
डा. शिवराज पण्डित
गंगा सागर खत्री
भीमसेन वन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन साशंकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
बीना कुमारी सिंह (चौंधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी
मनोजकुमार चौधरी

ध्यानाकर्षण गराइएको र आपसी भेटघाट-छलफलमा मिति २०७६/०३/१२ गतेका दिन माननीय अर्थ मन्त्रीज्यू, अर्थ मन्त्रालयका सचिवज्यूहरु, आन्तरिक राजश्व विभाग तथा अर्थ मन्त्रालयका उच्च अधिकृतहरु एवं नेबाएका अध्यक्ष, पदाधिकारी तथा सदस्यहरु बिच भेटघाट र छलफल पश्चात् नेबाएले मिति २०७६/०३/१३ गते का दिन विज्ञप्ती प्रकाशित गरसकेको ब्यहोरा सम्बन्धित सबैमा जानकारी भएकै छ ।

मिति २०७६/०३/१६ र १८ गते समेत नेबाएका प्रतिनिधि तथा अर्थ मन्त्रालयका राजश्व सचिवज्यू समेतको संयुक्त कार्यदलले सो सम्बन्धमा थप छलफल र गृह कार्य गरिरहेकै छ । हालसम्म भएका छलफलबाट नेपाल सरकार, अर्थ मन्त्रालय नेबाएले राखेका माग तथा सुझावहरुका सम्बन्धमा सकारात्मक रहेको र उक्त माग र सुझावका सम्बन्धमा केही दिनभित्रै कार्यविधि निर्माण गरी सो मार्फत सम्बोधन हुने गरी आजै अर्थ मन्त्रालयबाट सार्वजनिक सूचना समेत प्रकाशित भईसकेकोले मूल्य अभिवृद्धि करका विषयमा उठेका आशंकाहरु तत्काल दूर भएको नेबाएले महसुस गरेको छ । नेबाएले सबै कानून व्यवसायीको भावनाको कदर गर्दै रु. २० लाखभन्दा तलको कारोबार गर्ने कानून व्यवसायीलाई मूल्य अभिबृद्धि करमा दर्ता गर्न नपर्ने कुरामा हामी दृढ छौं । सो विपरित हुने गरी कुनै सम्झौता नहुने व्यहोराको प्रतिवद्धता व्यक्त गर्दछौं । अतः अर्थ मन्त्रालय र नेबाएको कार्यदलबाट आवश्यक प्रक्रिया अगाडि बढी रहेको स्थितिमा सो कार्यदलको सकारात्मक निर्णय नआएसम्मका लागि कुनै पनि किसिमका आन्दोलन तथा विरोधका कार्यक्रम नगरी धैर्य गर्नु हुन सबै बार एकाइहरु तथा सम्पूर्ण कानून व्यवसायीहरुलाई अनुरोध गरिन्छ ।

२०७६।०३।१८

नेपाल बार एशोसिएशन
Nepal Bar Association

अधिवक्ता लीलामणि पौडेल

महासचिव